स्याङ्जा
२०७३

# पुतलीबजार नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८२

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जबाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम् उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

(१) संक्षिप्त नाम र प्रारम्भः-

१. यस कार्यविधिको नाम **"पुतलिबजार नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि,२०८२"** रहेको छ ।

२. यो कार्यविधि नगर सभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

(२) परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. **"घ" वर्गको निर्माण व्यवसायी भन्नाले:-** अनुसूची २ बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई बुझनु पर्दछ ।

ख. **नगरपालिका भन्नालेः-** पुतलीबजार नगरपालिकालाई सम्झनु पर्दछ ।

ग. **नगरकार्यपालिका भन्नाले:-** पुतलीबजार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ. **नगर सभा भन्नालेः-** पुतलीबजार नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ङ. **नगर प्रमुख भन्नालेः-** पुतलीबजार नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

च. **नगर उप-प्रमुख भन्नालेः-** पुतलीबजार नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

छ. **प्रमुख प्रशासकिय अधिकृत भन्नालेः-** पुतलीबजार नगरपालिकामा कार्यरत नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज. **कार्यविधि भन्नालेः-** पुतलीबजार नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि,२०८२ लाई सम्झनु पर्दछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

झ. तोकिएको अधिकृत भन्नाले :- यस कार्यविधि बमोजिम नगरपालिका वा प्रमुख प्रशासकीय अधिकृतबाट कार्यविधि बमोजिमको कार्य गर्न अख्तियार प्राप्त अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## इजाजतपत्र सम्बन्धी प्रावधान

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

**(२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्थाः**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले यस कार्यविधिको अनुसूची– १ मा तोकिए बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएका निवेदनहरु कार्यविधिको अनुसूची – ३ मा तोकिए बमोजिमको योग्यता भए / नभएको सम्बन्धमा पूर्वाधार विकास शाखाबाट जाँचबुझ गराई निर्माण व्यवसायीलाई "घ" वर्गको निर्माण इजाजतपत्र दिन मिल्ने हो वा होइन राय सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम योग्यता पुगेका निर्माण व्यवसायीलाई इजाजत पत्र उपलब्ध गराउनका लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम कार्यपालिकाको निर्णय बमोजिम इजाजत पत्र उपलब्ध गराउन नगर सभाले तोकेको आर्थिक ऐनमा व्यवस्था भएको दस्तुर लिई निजलाई अनुसूची -२ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट इजाजतपत्र प्रदान गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको कार्यपालिका बैठक बस्न नसकेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उक्त निर्माण इजाजतपत्र उपलब्ध गराई कार्यपालिका बैठकबाट अनुमोदन गराउन सक्नेछ।

तुलसी राम रेग्मी
नगर प्रमुख

(३) इजाजतपत्रको अवधि र नवीकरणः

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्र लिएको आर्थिक वर्षको अन्त्य सम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश वा स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित नगरपालिकावाट नगर सभाले तोकेको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

३) इजाजतपत्रको प्रतिलिपी दिने, नामसारी/ठाउसारी तथा लगत कट्टी सम्बन्धी व्यवस्थाः

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन, नामसारी/ठाउसारी तथा लगत कट्टी सम्बन्धी निवेदन गरेमा नगर सभाले तोकेको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिने,चल/अचल सम्पति सरह नामसारी वा ठाउँसारी एवं लगत कट्टा गर्नु पर्नेछ।

## परिच्छेद ३

## इजाजतपत्र खारेजी सम्बन्धी प्रावधान

४) इजाजतपत्रको खारेजीः (१) देहायको अवस्थामा निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सकिनेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धीत निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) म्याद सकिएको ५ वर्ष सम्म नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

तुलसी राम रेग्मी
नगर प्रमुख

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धीत फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

परिच्छेद ४

विविध

६) प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा लेखिएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

७) खारेजी र बचाउः

(१) यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

(२) पुतलीबजार नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ र यस सम्बन्धमा भएका कार्यपालिकाका निर्णयहरु खारेजी गरिएको छ । साथै "घ" वर्ग को इजाजतपत्र सम्बन्धी यस अगाडी भएका निर्णयहरु समेत खारेजी गरिएको छ।

तुलसी राम रेग्मी
नगर प्रमुख

अनुसूची-१

कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धीत

**इजाजतपत्रका लागि दिइने निवेदनको ढाँचा**

मिति -

विषयः इजाजतपत्र पाउँ भन्ने बारे ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
पुतलीबजार नगरपालिका, प्रगतिनगर, स्याङ्जा

यस नगरकार्यपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८२ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजतपत्र पाउन निम्न विवरण सहित यो निवेदन पेश गरेको छु/छौं ।

१. निवेदन पेश गर्ने फर्म वा कम्पनीः

नामः

ठेगानाः

टेलीफोन नंः इमेलः

२. फर्म वा कम्पनीको प्रकृतिः

प्राइभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेड कम्पनी

एकलौटी साझेदारी

३. सम्पर्कका लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिकोः

नाम/थरः

ठेगानाः

टेलीफोन नंः इमेलः

४. फर्म वा कम्पनीको विवरणः

दर्ता नंः दर्ता मितिः

अधिकारिक पुंजीः जारी पुंजीः

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजतपत्र लिन चाहेको वर्गः "घ" वर्ग

तुलसी राम रेग्मी
नगर प्रमुख

६. समुहिकरण हुन चाहेको समूह:

७. आर्थिक श्रोतको विवरण:

| खाताको विवरण | रकम | वित्तीय संस्था/वैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

८. कामदारको विवरण:

(क) प्राविधिक:

(ख) अप्राविधिक:

(ग) अन्य:

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मन्जुरीनामा पेश गरिएको छ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण:

| क्र.स | नाम तथा विवरण | दर्ता नं | क्षमता सङ्ख्या | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोट: यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल इन्जिनियरद्वारा प्रमाणित गरी पेश गरिएको छ ।

१०. यस अगाडी सम्पन्न गरेका कामको विवरण:

| क्र.स | निर्माण सम्बन्धी कार्यको विवरण | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम: | कामको अवस्था (प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

११. करचुक्ता गरेको प्रमाण कागजात:

(क)

(ख)

(ग)

यस निवेदन फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

निर्माण व्यवसायीको छाप:

निवेदकको:

नाम:

दस्तखत:

मिति:

नोट: यस निवेदन फारम साथ फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धीत कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको वखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

अनुसूची-२

कार्यविधिको दफा २ को उपदफा (४) सँग सम्बन्धीत

## इजाजतपत्र

इजाजत पत्र नंः

पुतलीबजार नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, स्याङ्जा

पुतलीबजारनगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८२ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न पुतलीबजार नगरपलिका वडा नं. ....... स्थित कार्यालय भएको ..................... ................. ..... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ।

"घ"

इजाजत पत्र दिनेकोः
दस्तखतः
नामः
पदः
मितिः
कार्यालयः

नवीकरणः

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

# अनुसुची-३

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता  प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरणः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण : निवेदकसँग देहाय बमोजिमका मेशिनरी सामान तथा उपकरणको व्यवस्था हुन पर्नेछ ।

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine(एक सेट)

("घ" ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्यः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

अनुसूची-४

कार्यविधिको दफा ३ को उपदफा (३) सँग सम्बन्धीत

| क्र. सं. | निर्माण व्यवसायी को वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र प्रतिलिपी दस्तुर | नामसारी/ ठाउँसारी | नामसारी/ठाउँसारी एकाघर | दर्ता खारेजी/ लगत कट्टी |
|---|---|---|---|---|---|---|---|
| १. | "घ" | नगर सभाले तोकेको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ । | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख